आज मिति २०७७ साल श्रावण २२ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री लीलाधर अधिकारीको संयोजकत्वमा देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक बसी निम्नानुसारको निर्णय गरियो।

## उपस्थिति

१. प्र.जि.अ. श्री लीलाधर अधिकारी, जिल्ला प्र. कार्यालय-(संयोजक)
प्र.उ. श्री केदार रजौरे, जिल्ला प्रहरी कार्यालय बर्दिया-(स...
स.प्र.उ. श्री नर बहादुर रावत, सशस्त्र प्र. बल नेपाल नं...
उप अनु. नि. श्री योगेन्द्र के.सी., रा.अ.जि.का. बर्दिया
सेनानी श्री श्याम शाही, भैरव प्रसाद गण गुरुजा गुल्म बर्दिया
मे.सु. श्री डा. पुष्पनाथ पाण्डेय, बर्दिया अस्पताल
व.जे.अ. श्री गोकर्ण गिरी, स्वास्थ्य कार्यालय बर्दिया
नि.जि.नि.अ. श्री कृष्ण बहादुर खड्का, जि.नि.नि. बर्दिया
प्र.अ. श्री गणेश विक्रम शाह, जिल्ला प्र.का. बर्दिया-(सदस्य...

## सल्लाहकार समूह

प्रमुख श्री शंकर प्रसाद थापा, जिल्ला समन्वय समिति, बर्दिया

## आमन्त्रण

प्रमुख श्री मुक्तिनाथ यादव, गुलरिया नगरपालिका
प्रमुख श्री शालिकराम अधिकारी, बाँसगढी नगरपालिका
प्रमुख श्री गणेश बहादुर क्षेत्री, मधुवन नगरपालिका
प्रमुख श्री दुर्गा बहादुर थापा, बारबर्दिया नगरपालिका
प्रमुख श्री धन नारायण श्रेष्ठ, ठाकुरबाबा नगरपालिका
प्रमुख श्री शिव प्रसाद थापा, राजापुर नगरपालिका
उप प्रमुख ~~अध्यक्ष~~ श्री मान बहादुर बिष्ट, जिल्ला समन्वय समिति
अध्यक्ष श्री लाल बहादुर श्रेष्ठ, बढैयाताल गाउँपालिका
अध्यक्ष श्री जमानसिंह के.सी., गेरुवा गाउँपालिका
प्रतिनिधि- श्री जिवन मल्ल, सचिव ने.का. बर्दिया
प्रतिनिधि- श्री धनेश यादव, ने.क.पा., बर्दिया
प्रतिनिधि- श्री केशव कुमार यादव, रा.ज.पा.
प्रतिनिधि- श्री कृष्ण प्रसाद यादव, समाजवादी पार्टी
उप प्रमुख श्री मनकला घर्ती, राजापुर नगरपालिका
अध्यक्ष श्री उजिर श्रेष्ठ, अस्पताल विकास समिति

अध्यक्ष श्री विर बहादुर चौधरी, उद्योग वाणिज्य संघ, बर्दिया
अध्यक्ष श्री बालकृष्ण लामिछाने, उद्योग वाणिज्य संघ, बढैयाताल
संयोजक श्री बालकृष्ण वली, नागरिक समाज, बर्दिया
अध्यक्ष श्री विष्णु तिमिल्सिना, जि. नि. महासंघ, बर्दिया
प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद गौतम, गुलरिया नगरपालिका
डिभिजनल वन अधिकृत प्रमुख श्री महेन्द्रप्रताप बाम्ले, डिभिजन वन बर्दिया
डि० प्रमुख श्री विष्णु प्रसाद पौडेल, जलस्रोत तथा सिंचाई
नि. आयोजना प्रमुख श्री अविन्द रावल, बबई सिंचाई आयोजना
आयोजना प्रमुख श्री प्रद्युम्न मिश्र, राजापुर सिंचाई
प्रशासकीय अधिकृत श्री नारायण प्रसाद ढकाल, जि.प्र.का.
प्रमुख अधिकृत श्री रूपन रावल, DEOC, बर्दिया
प्रमुख श्री मान बहादुर डाङ्गी, DLSA, बर्दिया

निर्णयः

१. कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण रोकथाम तथा उपचारका सम्बन्धमा यस समितिको यस अघिको बैठकको निर्णय कार्यान्वयन स्थितिको समिक्षा भयो ।

२. बर्दिया जिल्लाको सीमा क्षेत्र जोडिएका भारतका जिल्लाहरु तथा छिमेकी जिल्ला कैलालीमा समेत कोभिड-१९ को संक्रमण बढिरहेको छ । सोबाट यस जिल्लामा संक्रमण फैलिनसक्ने उच्च जोखिम रहेको छ साथै बर्दिया जिल्लाको प्रमुख व्यापारिक केन्द्र रहेको छिमेकी जिल्ला बाँके, नेपालगंजमा कोभिड-१९ को संक्रमणको दर बढिरहेकाले सो जिल्लाबाट यस जिल्ला समेत संक्रमणको उच्च जोखिममा रहेको । बाँके जिल्लामा निषेधाज्ञा जारी रहेको, यस जिल्लामा हालसम्म २४८ जनामा कोभिड-१९ पोजेटिभ देखिएको तथा समुदायस्तरमा समेत केही व्यक्तिहरुमा संक्रमण देखिएकोले संक्रमणको जोखिमलाई नियन्त्रणमा ल्याउन जरुरी छ साथै परीक्षण कार्यलाई व्यापकता दिन जरुरी देखिएको छ । यस सन्दर्भमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ एवम् स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम यस बर्दिया जिल्लामा मिति २०७७/०४/२५ गते विहान ६:०० बजे देखि मिति २०७७/०४/२९ गते मध्येरातसम्म बर्दिया जिल्लाभर देहाय बमोजिम गर्ने गरी निषेधाज्ञा जारी गर्ने ।

क. औषधी उपचार, खाद्य बस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने ।

ख. अनुमति प्राप्त सवारी साधन, झण्डावाल सवारी र निलो(कुटनीतिक) प्लेटका सवारी साधनहरु, लामो दुरीका मालबाहक साधनहरु, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका निजी, सार्वजनिक एवम् सरकारी सवारी साधन सञ्चालनमा पूर्ण रुपमा रोक लगाउने ।

ग. शान्ति सुरक्षा तथा सु-व्यवस्था, स्वास्थ्य, खाद्यबस्तु, खानेपानी, दुध, विद्युत, सूचना तथा सञ्चार, भन्सार, फोहोरमैला व्यवस्थापन, इन्धन, एम्बुलेन्स सेवा, शवबाहन, दमकल, औषधी, तरकारी तथा फलफूल जस्ता अति आवश्यक सेवा बाहेक अन्य सम्पूर्ण सेवा संचालनमा रोक लगाउने ।

घ. अत्यावश्यक कार्यका लागि घरबाहिर निस्कने जो कोहीले पनि अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, न्यूनतम भौतिक दुरी कायम राख्ने र अन्य आधारभूत स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पुर्ण पालना गर्ने ।

ङ. छिमेकी मित्रराष्ट्र भारतसंग सिमाना जोडिएका सीमानाकाहरु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन पूर्णरुपमा निषेध गर्ने ।

च. उपरोक्त निर्णयको अवज्ञा वा अपहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई कानून बमोजिम कारवाही गर्ने ।

३. कोभिड-१९ को संक्रमितहरुको उपचारका लागि यस जिल्लामा RT-PCR प्रयोगशाला स्थापना गर्ने निर्णय भए बमोजिम सबै स्थानीय तहले तत्काल रु. १० लाख गुलरिया नगरपालिकाको प्रकोप व्यवस्थापन कोष खाता नं. ४१४००३०७०२०००२ मा उपलव्ध गराउने । प्रयोगशाला स्थापना र संचालनमा गुलरिया नगरपालिका र बर्दिया अस्पतालले आवश्यक व्यवस्था मिलाउने । RT-PCR प्रयोगशाला संचालनमा संघ तथा प्रदेश सरकार तथा सहयोगी संघ सस्थाहरुबाट सहयोग प्राप्त भएमा तथा रकम बचत भएमा सम्वन्धित स्थानीय तहमा गुलरिया नगरपालिकाले फिर्ता पठाउने ।

४. यस जिल्लामा कोभिड-१९ को संक्रमण समुदायस्तरमा भए नभएको परीक्षणका लागि सबै स्थानीय तहले जोखिमयुक्त क्षेत्रको पहिचान गरी तत्काल कम्तिमा १००/१०० जनाको कोभिड-१९ परीक्षणको व्यवस्था मिलाउने । उक्त कार्यमा स्वास्थ्य कार्यालयले परीक्षणका लागि आवश्यक VTM खरिद गर्नुपर्ने भए खरिद गरेर आवश्यक प्रबन्ध मिलाउने ।

५. यस जिल्लामा कोभिड-१९ को सिकिस्त विरामी उपचार गर्न ICU उपचार कक्ष हालसम्म नभएकाले आवश्यक भएकाले ICU सम्वन्धी औजार उपकरण जस्तै भेन्टिलेटर र अन्य स्वास्थ्य सामग्री लगायत ICU भवन निर्माण र त्यसमा लाग्ने जनशक्तिको व्यवस्थापनका लागि मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय र सामाजिक विकास मन्त्रालय प्रदेश नं. ५ बुटवललाई अनुरोध गर्ने ।